बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय, हेटौंडा

## सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२।०९।३०

यस निर्देशनालयको आ. व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुलाई सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम भएको हुँदा **सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** को दफा ४ बमोजिमको शर्त पुरा गरेका सामुदायिक क्याम्पसहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची २ बमोजिमको प्रस्ताव तयार शिक्षा विकास निर्देशनालय बागमती प्रदेश, हेटौंडामा पेश गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सुचना सम्बन्धी विस्तृत विवरण र सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ यस निर्देशनालयको वेवसाइट edd.bagamati.gov.np मा उपलब्ध छ ।

<u>प्रस्तावका साथमा संलग्न गर्नुपर्ने कागजातहरू:</u>

- प्रस्तावित कार्यक्रम तथा कार्ययोजना वमोजिम सञ्चाल कार्यक्रमसम्बन्धमा क्याम्पस सञ्चालक समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,
- कार्यरतअध्यापकहरुक शैक्षिक योग्यता वायोडाटा र नियुक्ति पत्र (पूर्णकालिन वा आंशिक वा अन्य कुन प्रकारको हो सो कुरा नियुक्ति पत्र/करार पत्रमा खुलेको हुनुपर्ने)
- विश्वविद्यालयले दिएको सम्बन्धन पत्र
- प्रस्तावमा उल्लेख गरिएका विवरणहरूको थप पुष्टिहुने अन्य कागजातहरूको प्रमाणित प्रतिलिपि
- अन्य संम्बद्व कागजातहरू

२०८२।९।३०

का. मु.महानिर्देशक